राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको १०५औं बैठकको निर्णयहरु

स्थान:- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतज्यूको कार्यकक्ष, सिंहदरबार ।

मिति:-२०७५।०२।१८

समय:- विहान ९:०० बजे

निर्णय नं. १

भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान प्राप्त गर्न नसकी गुनासो दर्ता गराएका भूकम्प प्रभावित व्यक्तिहरूको सम्बन्धमा कार्यकारी समितिको निर्णय अनुसार छुट सर्भेक्षण र पुनर्जाँच निरिक्षण गरी इन्जिनियरहरूबाट MIS मा प्राप्त भएका गुनासाहरूको प्राविधिकबाट छानविन गरी लाभग्राही कायम गर्न सिफारिश भएका विवरणहरूको सम्बन्धमा पुनर्निर्माण सम्बन्धी गुनासो व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ दफा १२(१) बमोजिम गठित केन्द्रीय गुनासो व्यवस्थापन समितिबाट सिफारिश भई आएका व्यक्तिहरूलाई लाभग्राही कायम गर्नुपर्ने भएको । निजी आवास पुनर्निर्माण अनुदान वितरण (पहिलो संशोधन) कार्यविधि, २०७३ को दफा ३ (१क) बमोजिम लाभग्राही कायम गर्न केन्द्रीय गुनासो समितिबाट पुनर्निर्माण सम्बन्धी गुनासो व्यवस्थापन कार्यविधि, २०७४ को दफा १२ (३क) बमोजिम सिफारिश भएको छ ।

छुट तथा पुनर्जाँच सर्भेक्षणबाट प्राप्त गुनासाहरूको छानविनबाट लाभग्राही कायम गर्नुपर्ने देखिएका गुनासोकर्ताहरूलाई लाभग्राही कायम गरी निजहरूसँग निजी आवास पुनर्निर्माणको लागि अनुदान सम्झौता गर्न स्थानीय तहलाई निर्देशन गर्नुपर्ने देखिएको भनी पेश भएको प्रस्ताव उपर छलफल हुँदा देहाय बमोजिम निर्णय गरियो:

निर्णयहरु:

छुट तथा पुनर्जाँच सर्भेक्षणबाट प्राप्त तथ्याङ्कहरूको छानविन गरी प्राप्त विभिन्न जिल्लाका संलग्न तालिका १ मा उल्लेखित १३ वटा स्थानीय तहका १५८३ गुनासोकर्तालाई पुनर्निर्माण लाभग्राही (Probable beneficiary), ४९५ गुनासोकर्तालाई सम्भाव्य (Potential beneficiary) पुनर्निर्माण लाभग्राही र २६३ गुनासोकर्तालाई प्रवलीकरण (Retrofitting beneficiary) लाभग्राही कायम गर्ने ।

निर्णय नं. २

भूकम्प पश्चात्को पुनर्निर्माणको अभियानमा गैरसरकारी क्षेत्रलाई संलग्न गराउने उद्देश्यले पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ प्रचलनमा रहेको छ । यसै कार्यविधिमा आधारित रहेर निम्नानुसारका राष्ट्रिय गैरसरकारी संस्थाबाट विद्यालय भवन निर्माण गर्ने उद्देश्यले निवेदन प्राप्त भएको छ।

प्रस्तावित विद्यालय भवन निर्माण गर्ने परियोजनाहरुका सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, केन्द्रीय आयोजना कार्यान्वयन ईकाइ (शिक्षा), ज्ञानेश्वरका साथै विज्ञ सदस्य डा श्री चन्द्र बहादुर श्रेष्ठ समेतबाट मिति २०७५ जेष्ठ ८ मा सकरात्मक राय सहित सिफारिश प्राप्त भएको छ ।

सचिव

भूकम्प पश्चात्को पुनर्निर्माणका लागि गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ को दफा (९) बमोजिम सम्बन्धित कार्यकारी समिति सदस्यको सिफारिश भई आएका संलग्न परियोजना प्रस्तावहरु उपर भएको छलफल पश्चात् तोकिएको मापदण्डभित्र रही सम्बन्धित स्थानीय तहसँग समन्वय गरी कार्यान्वयन गर्न स्वीकृति दिने निर्णय गरियो ।

| क.स. | परियोजना प्रस्तावक | परियोजनाको नाम | परियोजनाको क्षेत्र | परियोजना विवरण | | | | बजेट | | | परियोजना अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क.स. | विद्यालयको नाम | स्थान | लक्ष | प्रशासनिक | कार्यक्रम | जम्मा | |
| १ | Caritas Nepal | School Reconstruction support to earthquake Affected Communities. | शिक्षा | १ | बाल कन्या आधारभूत विद्यालय | बसेश्वर वडा नं ५, सिन्धुली | ४ कोठा | नभएको (पुराने परियोजनाबाट व्यहोरिने) | १०० % | आठ करोड | २०७६ जेष्ठ |
| | | | | २ | ज्ञानोदय आधारभूत विद्यालय | हरिहरपुरगढी वडा नं २ सिन्धुली | ४ कोठा | | | | |
| | | | | ३ | शारदा मा.वि. | बुलुङ्ग ४ दोलखा | ६ कोठा | | | | |
| | | | | ४ | देवलिङ्गेश्वरी मा.वि. | ओराङ्ग ३, दोलखा | ६ कोठा | | | | |
| | | | | ५ | भूमेश्वरी मा.वि. | सुनखानी २, सिन्धुपाल्चोक | ६ कोठा | | | | |
| | | | | ६ | लडकेश्वर आधारभूत विद्यालय | बालथली ५, काभ्रेपाल्चोक | ६ कोठा | | | | |
| | | | | ७ | कालिका आधारभूत विद्यालय | चन्डेनी मन्डन ६, काभ्रेपाल्चोक | ६ कोठा | | | | |

<u>निर्णय नं. ३</u>

२०७४ साल मंसिर मसान्तसम्म विभिन्न स्थानीय तहमा दर्ता भएका १,२२,७२५ गुनासोहरु सम्बोधन गर्ने सिलसिलामा MIS मा अपलोड गर्ने कार्य भईरहेको उक्त गुनासोहरुको सम्बोधनको लागि सर्वप्रथम इन्जिनियरहरुबाट तथ्याङ्कको पुनरावलोकन (Review) गर्नुपर्ने भएको हुँदा हाल छुट तथा पुनःजाँच सर्भेको विश्लेषण कार्यमा यस प्राधिकरणमा कार्यरत इन्जिनियरहरु तथा थप इन्जिनियरहरु काजमा लिई गर्ने कार्ययोजना रहेको र समयसीमा निर्धारण गरी पेश गर्ने भन्ने कार्यकारी समितिको १०२औं बैठकले निर्देशन गरेको एवं राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, केन्द्रीय गुनासो व्यवस्थापन समितिको मिति २०७५।०२।१६ गतेको बैठकले मंसिर मसान्तसम्म दर्ता भएका गुनासोहरुको सम्बोधन गर्न तयार गरेको कार्यतालिका स्वीकृतिका लागि कार्यकारी समितिमा पेश भएको प्रस्ताव उपर छलफल हुँदा तालिका-२ बमोजिमको कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।

सचिव

तालिका-१

छुट तथा पुनर्जाँच सर्भेक्षणबाट प्राप्त तथ्याङ्को छानविन गरी प्राप्त लाभग्राही कायम गर्नुपर्ने विवरण

| क्र.सं. | जिल्ला | गा.पा./न.पा. | पुनर्निर्माण लाभग्राही | सम्भाव्य लाभग्राही | जम्मा पुनर्निर्माण लाभग्राही | जम्मा प्रबलीकरण लाभग्राही |
|---|---|---|---|---|---|---|
| १. | गोरखा | आरुघाट गाउँपालिका | ३८४ | ४२ | ४२६ | ८४ |
| २. | गोरखा | अजिरकोट गाउँपालिका | १०८ | ४७ | १५५ | ५२ |
| ३. | काठमाडौं | बुढानिलकण्ठ नगरपालिका | २१ | १२ | ३३ | ० |
| ४. | काठमाडौं | चन्द्रगिरी नगरपालिका | ३५ | ४९ | ८४ | ३ |
| ५. | काठमाडौं | गोकर्णेश्वर नगरपालिका | ३४ | ३३ | ६७ | १ |
| ६. | काठमाडौं | काठमाडौं महानगरपालिका | १११ | ३६ | १४७ | ७६ |
| ७. | काठमाडौं | किर्तिपुर नगरपालिका | १३ | ९ | २२ | ५ |
| ८. | काठमाडौं | नगरगञ्ज नगरपालिका | ३१ | ७३ | १६४ | १ |
| ९. | काठमाडौं | शंखरापुर नगरपालिका | ९३ | २१ | ११४ | १ |
| १०. | काठमाडौं | तारकेश्वर नगरपालिका | ४३ | ४० | ८३ | ४ |
| ११. | काठमाडौं | टोखा नगरपालिका | ४६ | ६ | ५२ | २ |
| १२. | सिन्धुपाल्चोक | इन्द्रावती गाउँपालिका | २४९ | ८० | ३२९ | १२ |
| १३. | सिन्धुपाल्चोक | सुनकोशी गाउँपालिका | ४१५ | ४७ | ४६२ | २२ |
| | | जम्मा | १५८३ | ४९५ | २१३८ | २६३ |

सचिव

## तालिका-२

## मंसिर मसान्त सम्म दर्ता भएका गुनासाहरूको सम्वोधन गर्ने कार्यतालिका

| सि.नं. | कार्यक्रम | क्रियाकलाप | जिम्मेवारी | समयावधि | स्रोत साधन |
|---|---|---|---|---|---|
| | | | **पहिलो चरण** | | |
| १ | जनशक्ति व्यवस्थापन | इन्जिनियरहरूको व्यवस्थापन | जनशक्ति व्यवस्थापन शाखा (हाल काम गरी रहेका इन्जिनियरहरूबाट र थप इन्जिनियर काजमा लिई काम गराउने) | २०७५ जेठ २५ भित्र | अफिस सेटिङ्ग गर्ने । इन्जिनियर व्यवस्थापन |
| २ | अनुशिक्षण कार्यक्रम तथा कम्प्युटर ल्यापटपको व्यवस्था गर्ने | इन्जिनियरलाई Data Verification गर्ने अनुशिक्षण तालिम दिने। कम्प्युटर तथा ल्यापटपको व्यवस्था गर्ने । | जनशक्ति व्यवस्थापन शाखा/सूचना व्यवस्थापन शाखा | २०७६ जेठ २६ भित्र | |
| ३ | MIS मा गुनासो upload गर्ने | गुनासो माग गरी MIS मा upload गर्ने | सूचना व्यवस्थापन शाखा | २०७५ जेठ २५ भित्र | |
| ४ | गुनासो छानविन गर्ने | MIS मा upload भएको गुनासो छानविन गरी RV-RS समेतको बर्गिकृत विवरण तयार गर्ने। | गुनासो व्यवस्थापन शाखा/सूचना शाखा | २०७५ आषाढ २० भित्र | |
| ५ | छुट सर्भेक्षण तथा पुनःजाँच निरिक्षको सिफारिश | केन्द्रीय गुनासो व्यवस्थापन समितिले कार्यकारी समिति मा सिफारिश गर्ने | केन्द्रीय गुनासो व्यवस्थापन समिति | २०७५ आषाढ २३ भित्र | |
| ६ | कार्यकारी समितिबाट स्वीकृत RV RS को List स्वीकृत | RV-RS list को स्वीकृत गर्ने | कार्यकारी समिति | २०७५ आषाढ २५ भित्र | |
| | | | **दोश्रो चरण** | | |
| १ | सर्भेक्षण विधि र प्रश्नावली तयारी | छुट सर्भेक्षण तथा पुनःजाँच गर्ने तथ्यांङ्क संकलन पुरानै प्रश्नावली | समिति गठन गरी जिम्मेवारी तोक्नु पर्ने | २०७५ आषाढ २० भित्र | |
| २ | Aps तयार गर्ने | RV-RS का लागि पुरानै प्रश्नावली राखी Software Tab मा राख्ने | सूचना व्यवस्थापन शाखा | २०७५ आषाढ २० भित्र | |
| | | Tablet तयार गर्ने | जनशक्ति व्यवस्थापन शाखा | 2075 आषाढ 5 भित्र | |

| सि.नं. | कार्यक्रम | क्रियाकलाप | जिम्मेवारी | समयावधि | स्रोत साधन |
|---|---|---|---|---|---|
| ३ | इन्जिनियरको छनौट तथा व्यवस्थापन | Field मा खटाइने इन्जिनियर को विवरण तयार गर्ने | CLPIU (भवन) | २०७५ आषाढ २० भित्र | फिल्डमा खटाइने इन्जिनियरहरूलाई दैनिक भ्रमण भत्ता वा थप सुविधा दिनु पर्ने |
| ४ | तालिम/अनुशिक्षण कार्यक्रम | RV-RS मा खटिने इन्जिनियरको तालिम संचालन गर्ने | CLPIU (भवन) | २०७५ आषाढ ३० भित्र | तालिम सहभागी भत्ता दिनु पर्ने |
| ५ | RV-RS शुरू | प्रत्येक स्थानीय तहमा RV-RS काम संचालन गर्ने | | २०७५ श्रावण-भाद्र मसान्त सम्म | इन्जिनियरको भ्रमण भत्ता/तालिम खर्च आर्थिक प्रशासन शाखाले व्यवस्थापन गर्ने |
| | | | तेश्रो चरण | | |
| १ | MIS मा प्राप्त RS-RV को गुनासा छानविन | MIS मा प्राप्त हुने गुनासाको छानविन गर्ने | गुनासो व्यवस्थापन शाखा/ सूचना व्यवस्थापन शाखा | २०७५ असोज - कार्तिक मसान्त भित्र | गुनासो छानविनमा संलग्न कर्मचारी तथा इन्जिनियरहरूलाई खाजाको व्यवस्थापन गर्नु पर्ने |
| २ | गुनासो छानविन | MIS मा प्राप्त हुने गुनासाको छानविन गरी पेश हुने गुनासोहरूको सिफारीश तथा निर्यण गर्ने | केन्द्रीय गुनासो व्यवस्थापन समिति/कार्यकारी समिति | २०७६ असोज - कार्तिक मसान्त भित्र | प्रत्येक हप्ता नतिजा प्रकाशन हुने गरी पालिका पालिकाको सिफारिश तथा निर्णय हुने |

(हस्ताक्षर)
सचिव